# लघु, घरेलु तथा साना उद्योग प्रवर्धन नीति, २०८१

## १. पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा लघु, घरेलु तथा साना उद्योगको योगदान महत्त्वपूर्ण रहेको छ। स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको अधिकतम उपयोगमार्फत उत्पादन वृद्धि, रोजगारी सिर्जना र स्थानीय आर्थिक विकासमा टेवा पुर्याउने भएकोले लघु, घरेलु तथा साना उद्योगलाई विगतदेखि नै उच्च प्राथमिकता दिइएको छ।

नेपालको संविधानले राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण, प्रवर्धन र उपयोग गरी स्वदेशी श्रम, सिप र कच्चापदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने नीति लिएको छ। आवधिक योजनाहरूले लघु, घरेलु तथा साना उद्योगको प्रवर्धनमा जोड दिँदै आएका छन्।

स्थानीय कच्चापदार्थलाई परम्परागत रूपमा प्रयोग गरी घरायसी आवश्यकता परिपूर्तिका लागि लघु, घरेलु तथा साना उद्योगको व्यवसाय गर्ने गरिएकोमा हाल स्वदेशी युवा उद्यमी तथा विदेशमा श्रम तथा अध्ययन गरेर फर्केका नेपालीले ल्याएको ज्ञान, सिप, पुँजी र प्रविधिको उपयोग गरी उद्यमको विकास गर्न सक्ने सम्भावना रहेको छ।

नेपालमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्धनबाट स्वदेशमै गुणस्तरीय उत्पादन तथा उत्पादकत्व बढाइ प्रतिस्पर्धी क्षमता विकासका लागि प्रोत्साहित गर्न र व्यापार घाटासमेत कम गर्दै मुलुकको अर्थतन्त्रलाई आत्मनिर्भर र समृद्ध बनाउन आवश्यक छ।

## २. विगतको प्रयास

नेपालमा लघु तथा घरेलु उद्योगहरू लामो समयदेखि सञ्चालनमा रहेको भए तापनि वि.सं. १९९२ सालमा तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले उद्योग परिषद्को स्थापना गरेपश्चात् नेपालमा औपचारिक रूपमा औद्योगिक वातावरणको निर्माण हुन गएको थियो। नेपालमा वि.सं. १९९३ सालमा पहिलो पटक कम्पनी कानून निर्माण भएको र वि.सं. १९९६ सालमा व्यावसायिक तालिमको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले नेपाली कपडा र घरेलु इलम प्रचार अड्डा स्थापना गरिएको थियो। वि.सं. २०३० सालमा उद्योग प्रशासनको काम गर्न घरेलु तथा ग्रामीण उद्योग विभाग स्थापना भएकोमा वि.सं. २०४९ सालमा साना उद्योगको प्रशासनसमेत हेर्ने गरी घरेलु तथा साना उद्योग विभागको स्थापना गरियो।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नीतिगत प्रयासतर्फ वि.सं. २०१८ सालमा पहिलो पटक औद्योगिक नीति जारी भएको थियो। तत् पश्चात् क्रमशः वि.सं. २०३०, २०३७, २०४९ र २०६७ सालमा औद्योगिक नीतिहरू र वि.सं. २०४९ सालमा पहिलोपटक औद्योगिक व्यवसाय ऐन जारी भएकोमा सो ऐनलाई प्रतिस्थापन गरी २०७३ सालमा औद्योगिक व्यवसाय ऐन, २०७३ जारी भएको र २०७६ सालमा पुनः उक्त ऐनलाई प्रतिस्थापन गरी औद्योगिक व्यवसाय ऐन, २०७६ जारी भएको पाइन्छ। वि.सं. २०३७ सालमा जारी भएको औद्योगिक नीतिले उद्योगहरूको राष्ट्रियकरण नगरिने नीति लिएको थियो भने वि.सं. २०४६ साल पछिका औद्योगिक नीतिहरू खुला, उदार तथा बजारमुखी अर्थतन्त्र अवलम्बन गर्नेतर्फ निर्देशित थिए। यी सबै नीति तथा कानूनहरूबाट उद्योगहरूलाई सहुलियत प्रदान गरिएको थियो।

विगत देखि नै लघु, घरेलु तथा साना उद्योगको प्रवर्धनको लागि घरेलु तथा साना उद्योग विकास कार्यक्रम, राष्ट्रपति महिला उद्यमशीलता विकास कार्यक्रम, भगत सर्वजित् उद्यमशीलता विकास कार्यक्रम तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम लागु गरी लघु, घरेलु तथा साना उद्योगको विकासको लागि सरकारले प्रयास गर्दै आएको छ।

औद्योगिक नीति, २०६७ ले लघु, घरेलु तथा साना उद्योगको परिभाषा तथा वर्गीकरण गरी पहिलो पटक यस सम्बन्धमा विशेष नीतिगत प्रबन्ध गरेको छ। यस नीतिले लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी रणनीति, यस्ता उद्योगको प्रशासन, विशेष सुविधा र सहुलियतहरूको व्यवस्था गरेको छ। लघु, घरेलु तथा साना उद्योगको प्रवर्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानूनी व्यवस्थामार्फत संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गर्ने लगायतका व्यवस्था गरेको पाइन्छ।

## ३. वर्तमान अवस्था

औद्योगिक विकासका लागि विभिन्न प्रयासहरू भएता पनि देशमा औद्योगिकीकरणले अपेक्षित रूपमा गति लिन सकेको छैन। नेपालको अर्थतन्त्रमा कृषि र उत्पादनमूलक उद्योगको योगदान निरन्तर घट्दो छ भने सेवा क्षेत्रको योगदान उल्लेख्य रूपमा बढेको छ। देशभित्र आन्तरिक रोजगारी सिर्जना हुन नसक्दा रोजगारीको खोजीमा ठुलो जनशक्ति विदेशिएको अवस्था छ। राज्यले आर्थिक उदारीकरणको नीति लिए तापनि उद्योग क्षेत्र प्रतिस्पर्धी बन्न सकेको छैन।

औद्योगिक नीति, २०६७ ले लघु, घरेलु तथा साना उद्योगलाई विशेष प्राथमिकता दिएर यससम्बन्धी विशेष नीतिगत व्यवस्था गरेको छ। हाल अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

करिब १३ प्रतिशत रहेकोमा लघु, घरेलु, तथा साना उद्योगको योगदान उल्लेख्य मात्रामा रहेको छ। लघु, घरेलु तथा साना उद्योगको विकासका लागि औद्योगिक व्यवसाय ऐन, २०७६; औद्योगिक व्यवसाय नियमावली, २०७८; विभिन्न निर्देशिका तथा कार्यविधिहरू स्वीकृत भई कार्यान्वयनमा रहेका छन्।

संस्थागत व्यवस्थातर्फ सङ्घीय तहमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; उद्योग विभाग; लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र रहेका छन् भने प्रादेशिक तहमा प्रदेश मन्त्रालय, निर्देशनालय तथा जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय रहेका छन्। त्यसैगरी स्थानीय तहमा समेत उद्योग प्रशासनका लागि संरचनागत व्यवस्था गरिएको छ।

## ४. विद्यमान समस्या, चुनौती तथा अवसर

उद्योग स्थापना र सञ्चालनमा कमजोर औद्योगिक पूर्वाधार, सिपयुक्त जनशक्तिको अपर्याप्तता, आधुनिक प्रविधि ग्रहण गर्ने क्षमताको कमी, उत्पादित वस्तुहरूको बजारीकरणमा समस्या, स्वदेशी कच्चा पदार्थको न्यून उपलब्धता, उद्यमशील सोच र श्रमलाई सम्मान गर्ने संस्कृतिको कमीजस्ता समस्या रहेका छन्। सङ्घ, प्रदेश तथा स्थानीय तहबिच प्रभावकारी समन्वयको कमी हुनु, लघु, घरेलु तथा साना उद्योगसम्बन्धी छुट्टै नीति नहुनु, व्यवसाय प्रवर्धनको लागि स्थापना भएको औद्योगिक तथा लगानी प्रवर्धन कोषको कार्यान्वयनमा ढिलाइ हुनु लगायतका समस्याहरू रहेका छन्।

उद्योग दर्ता प्रशासनलाई सरल र प्रभावकारी बनाउनु; व्यवसाय परामर्श सेवा, प्रविधि, तालिम र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनु; सेवाग्राहीलाई उद्योग दर्तालगायतका विषयमा जानकारी दिनका लागि प्रभावकारी सञ्चार व्यवस्था गर्नु; उद्यमशील कार्य संस्कृति र श्रमलाई सम्मान गर्ने वातावरण विकास गर्नु; सरकारी तथा गैरसरकारी क्षेत्रबाट गरिएका प्रयासहरू एकीकृत र नतिजामुखी बनाउनु लगायतका विषयहरू चुनौतीका रूपमा रहेका छन्। साथै, विश्वासिलो औद्योगिक वातावरणको निर्माण गरी लगानीकर्तालाई लगानी गर्न उत्साहित बनाउने र विदेशमा सिकेको ज्ञान र सिपको प्रयोग गरी स्वदेशमा लगानीको वातावरण निर्माण गर्ने चुनौती रहेको छ।

छरिएर रहेको सानो पुँजीको परिचालनबाट नेपालमा लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तारको लागि प्रचुर सम्भावना रहनु; उद्योगको लागि आवश्यक जनशक्ति स्वदेशमा उत्पादन हुनु; कृषि, वन, खनिज र जलसम्पदामा आधारित उद्योगको लागि प्रचुर मात्रामा कच्चा पदार्थ उपलब्ध हुनु; भौगोलिक विविधताका कारण विभिन्न किसिमका जडीबुटीमा आधारित उद्योगको सम्भावना हुनु; साँस्कृतिक विविधताका कारण हस्तकलाका वस्तुको



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

उत्पादन र निर्यातको सम्भावना रहनु; नवीनतम प्रविधिको उपलब्धताका साथै औद्योगिक उत्पादनको लागि पर्याप्त विद्युत आपूर्तिको अवस्था हुनु; बैंक तथा वित्तीय संस्थाहरूको ग्रामीण तहसम्म विस्तार हुँदा वित्तीय पहुँच बढ्नु; विप्रेषण आयबाट पुँजी निर्माणको सम्भावना रहनु जस्ता कारणले लघु, घरेलु तथा साना उद्योग विकासको पर्याप्त सम्भावना तथा अवसर रहेको छ।

## ५. नीतिको आवश्यकता

नेपालको संविधानले प्रदेशको एकल अधिकारको सूचीमा कलकारखाना र औद्योगीकरणलाई समेटेको छ। साथै, संविधानबमोजिम उद्योग क्षेत्र सङ्घ तथा प्रदेशको साझा अधिकार सूचीअन्तर्गत समेत रहेको छ।

नेपालको संविधानले अर्थतन्त्रमा उद्योग क्षेत्रको महत्त्वपूर्ण हिस्सा लघु, घरेलु तथा साना उद्योगको रहेको सन्दर्भमा मुलुकभित्र छरिएर रहेको पुँजी परिचालन गर्दै स्वदेशी श्रम, सिप तथा कच्चा पदार्थमा आधारित उद्योगको संरक्षण र प्रवर्धनमार्फत स्वदेशमा स्वरोजगारी तथा रोजगारीका अवसर सिर्जना गर्नु अपरिहार्य छ। अर्थतन्त्रको संरचनागत परिवर्तन, सूचना प्रविधिको विकास र विश्व बजारसँगको आबद्धताले औद्योगिक क्षेत्रमा सिर्जित अवसरहरूलाई लघु, घरेलु तथा साना उद्योगको क्षेत्रमा समेत समुचित उपयोग गर्न सकिने अवस्था रहेको छ। यस क्षेत्रको विकास, संरक्षण र प्रवर्धनमा निजी क्षेत्रको बढ्दो भूमिका सुनिश्चित गर्दै आयात व्यवस्थापन र निर्यात प्रवर्धनका लागि लघु, घरेलु तथा साना उद्योगसम्बन्धी मार्गदर्शन गर्न छुट्टै नीतिको आवश्यकता रहेको छ।

## ६. दूरदृष्टि

लघु, घरेलु तथा साना उद्योगमार्फत् दीगो, उत्थानशील, समावेशी र आत्मनिर्भर अर्थतन्त्र

## ७. लक्ष्य

देशमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ र प्रतिस्पर्धी बनाउन लघु, घरेलु तथा साना उद्योगको योगदान बढाउने।

## ८. उद्देश्य

यस नीतिको उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

८.१ लघु, घरेलु तथा साना उद्योगको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई मजबुत गर्दै कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु;

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

८.२ वृहत्तर आर्थिक समावेशिता तथा उद्यमशील संस्कृतिको विकास गर्दै स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्नु;

८.३ निर्यातयोग्य वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धन गर्नु।

## ९. नीति

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि देहायबमोजिमका नीतिहरू अवलम्बन गरिनेछः

९.१ लघु, घरेलु तथा साना उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उद्यमशीलता उन्मुख पर्यावरण निर्माण गर्ने। (उद्देश्य ८.१ सँग सम्बन्धित)

९.२ लघु, घरेलु तथा साना उद्योगलाई मूल्य शृङ्खलामा आबद्ध गर्ने। (उद्देश्य ८.१ सँग सम्बन्धित)

९.३ लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच सहकार्य गर्ने। (उद्देश्य ८.१ सँग सम्बन्धित)

९.४ लघु, घरेलु तथा साना उद्योगमा सिमान्तकृत समुदाय तथा क्षेत्रलाई मूलप्रवाहीकरणमा आबद्ध गर्ने। (उद्देश्य ८.२ सँग सम्बन्धित)

९.५ उद्यमशील सँस्कृतिको प्रवर्धन गर्न शैक्षिक प्रणालीमा सुधार गरी औद्योगिक जनशक्ति उत्पादन गर्ने। (उद्देश्य ८.२ सँग सम्बन्धित)

९.६ लघु, घरेलु तथा साना उद्योगलाई प्रतिस्पर्धी बनाइ निर्यात वृद्धि गर्ने। (उद्देश्य ८.३ सँग सम्बन्धित)

९.७ परम्परागत तथा हस्तकला उद्योगलाई सबलीकरण गरी निर्यातमुखी बनाउने। (उद्देश्य ८.३ सँग सम्बन्धित)

## १०. रणनीति

### १०.१ लघु, घरेलु तथा साना उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उद्यमशीलताउन्मुख पर्यावरण निर्माण गर्ने।

१०.१.१ लघु, घरेलु तथा साना उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि गरी औद्योगिक उत्पादन प्रणालीलाई दिगो र भरपर्दो बनाईनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१०.१.२ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासका लागि सहुलियतपूर्ण कर्जा, प्रविधि हस्तान्तरण र बजार पहुँचका साथै निर्यातमा प्रोत्साहन गरिनेछ।

**१०.२ लघु, घरेलु तथा साना उद्योगलाई मूल्य शृङ्खलामा आबद्ध गर्ने।**

१०.२.१ लघु, घरेलु तथा साना उद्योगलाई अर्थतन्त्रको मूख्य संवाहकको रूपमा स्थापित गर्न मझौला तथा ठुला उद्योगहरूसँग अग्र तथा पृष्ठ सम्बन्ध कायम गरी मूलप्रवाहीकरण गरिनेछ।

**१०.३ लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच सहकार्य गर्ने।**

१०.३.१ लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनमा सङ्घ, प्रदेश तथा स्थानीय तह एवं निजी क्षेत्रबिच समन्वय र सहकार्य गरिनेछ।

**१०.४ लघु, घरेलु तथा साना उद्योगमा सीमान्तकृत समुदाय तथा क्षेत्रलाई मूलप्रवाहीकरण गर्ने।**

१०.४.१ लघु, घरेलु तथा साना उद्योगमा महिला, दलित, अल्पसङ्ख्यक तथा लोपोन्मुख, विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच तथा स्वामित्व विस्तार गरिनेछ।

**१०.५ उद्यमशील सँस्कृतिको प्रवर्धन गर्न शैक्षिक प्रणालीमा सुधार गरी औद्योगिक जनशक्ति उत्पादन गर्ने।**

१०.५.१ लघु, घरेलु तथा साना उद्योगको विकास तथा उद्यमशीलता प्रवर्धनका लागि आवश्यक जनशक्ति उत्पादन गरिनेछ।

१०.५.२ लघु, घरेलु तथा साना उद्योगको विकासका लागि व्यावसायिक तथा प्राविधिक तालिम प्रदायक संस्थाको सुदृढीकरण गरिनेछ।

१०.५.३ युवा जनशक्ति तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यम गर्न र स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ।

**१०.६ लघु, घरेलु तथा साना उद्योगलाई प्रतिस्पर्धी बनाइ निर्यात अभिवृद्धि गर्ने।**

१०.६.१ लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु खपतको लागि सम्भावित बजारको पहिचान गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१०.६.२ लघु, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी आयात व्यवस्थापन गर्दै निर्यात बढाइनेछ।

**१०.७ परम्परागत तथा हस्तकला उद्योगलाई सबलीकरण गरी निर्यातमुखी बनाउने।**

१०.७.१ हस्तकला उद्योगबाट उत्पादित वस्तुलाई विश्व बजारमा मूल्य तथा गुणस्तरको दृष्टिकोणबाट प्रतिस्पर्धी बनाइ निर्यात प्रवर्धन गरिनेछ।

१०.७.२ उत्पादन तथा निर्यातसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, अभिलेखीकरण र विश्लेषण गरिनेछ।

**११. कार्यनीति**

**११.१ लघु, घरेलु तथा साना उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि गरी औद्योगिक उत्पादन प्रणालीलाई दीगो र भरपर्दो बनाइनेछ।**

११.१.१ निजी क्षेत्रसँगको सहयोग र समन्वयमा प्रविधिको प्रयोग, एकद्वार प्रणालीका लागि एकल विन्दु सूचना केन्द्र र औद्योगिक पूर्वाधारको विकास गरी व्यवसाय तथा लगानीमैत्री वातावरण निर्माण गरिनेछ।

११.१.२ स्थानीय कच्चा पदार्थको उपयोग तथा उत्पादनको विविधीकरणका लागि अध्ययन तथा अनुसन्धान गरिनेछ।

११.१.३ लघु, घरेलु तथा साना उद्योगलाई बजार मागमा आधारित गुणस्तरीय वस्तु उत्पादन गर्न सिप विकास र प्रविधि हस्तान्तरण गरिनेछ। यसका लागि क्षमता विकास र उत्पादकत्व अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११.१.४ सबै सरकारी तथा सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोग गर्न प्रोत्साहन गरिनेछ।

**११.२ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासका लागि सहुलियतपूर्ण कर्जा, प्रविधि हस्तान्तरण र बजार पहुँचका साथै निर्यातमा प्रोत्साहन गरिनेछ।**

११.२.१ लघु, घरेलु तथा साना उद्योगलाई सहुलितयतपूर्ण कर्जा तथा पुनर्कर्जा सुविधा प्रदान गरिनेछ।

११.२.२ लघु, घरेलु तथा साना उद्योगहरूलाई प्रोत्साहन गर्न औद्योगिक तथा लगानी प्रवर्धन कोषको प्रभावकारी परिचालन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

११.२.३ लघु, घरेलु तथा साना उद्योगीलाई समूहमा आबद्ध गरी उद्यमशीलता तथा सिप विकास तालिम, उपयुक्त प्रविधिको छनौट, उत्पादन व्यवस्थापन, पुँजीमा पहुँच, बजार व्यवस्थापन र व्यवसाय परामर्श सेवामा सहयोग पुऱ्याउन उद्यम व्यवसाय परामर्शको व्यवस्था गरिनेछ। यस्तो सेवा प्रदान गर्नका लागि निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ।

११.२.४ लघु, घरेलु तथा साना उद्योगको उत्पादनको बजार प्रवर्धनमा सहयोग पुऱ्याउन निजी क्षेत्र, सहकारी क्षेत्र र स्थानीय तहहरूको सहभागितामा विभिन्न स्थानमा विक्री केन्द्र, कोशेली घर, सौगात गृह, उद्यम घर, सामुदायिक/साझा सुविधा केन्द्रहरू स्थापना र विकासमा जोड दिइनेछ।

११.२.५ बैङ्क तथा वित्तीय संस्था र बिमा कम्पनीहरूसँग समन्वय तथा सहकार्य गरी कालिगढ, कलाकार तथा कामदारहरूको उत्थानलाई लक्षित गरी विभिन्न कल्याणकारी तथा रोजगार सुरक्षा कार्यक्रम र विमा योजना लागु गरिनेछ।

११.२.६ उद्योग स्थापना तथा विस्तारका लागि शैक्षिक तथा सिपसम्बन्धी प्रमाणपत्र धितोमा राखी सहुलियतपूर्ण ब्याजदरमा ऋण प्रवाहको व्यवस्था गरिनेछ।

**११.३ लघु, घरेलु तथा साना उद्योगलाई अर्थतन्त्रको मुख्य संवाहकको रूपमा स्थापित गर्न मझौला तथा ठुला उद्योगसँग अग्र तथा पृष्ठ सम्बन्ध कायम गरी मूलप्रवाहीकरण गरिनेछ।**

११.३.१ लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु तथा सेवाको बजार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

११.३.२ ठुला तथा मझौला उद्योगले प्रयोग गर्ने वस्तु उत्पादन गर्न लघु, घरेलु तथा साना उद्योगको मझौला तथा ठुला उद्योगहरूसँग अग्र र पृष्ठ अन्तर सम्बन्ध कायम गरिनेछ।

११.३.३ लघु, घरेलु तथा साना उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ढुवानी तथा भण्डारणको लागि छुट, सुविधा तथा सहुलियतको व्यवस्था गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

११.३.४ वातावरणीय प्रभाव न्यूनीकरण र वातावरणीय दिगोपनामा टेवा पुग्ने गरी लघु, घरेलु तथा साना उद्योगसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

११.३.५ स्टार्टअप तथा नवप्रवर्तनकारी उद्यमका माध्यमबाट लघु, घरेलु तथा साना उद्योगहरूलाई राष्ट्रिय अर्थतन्त्रमा मूलप्रवाहीकरण गरिनेछ।

**११.४ लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय तह तथा निजी क्षेत्रबिच समन्वय र सहकार्य गरिनेछ।**

११.४.१ प्रदेश तथा स्थानीय तहबाट लघु, घरेलु तथा साना उद्योग प्रवर्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहजीकरण गरिनेछ।

११.४.२ लघु, घरेलु तथा साना उद्योग प्रवर्धनको लागि आवश्यक संस्थागत संयन्त्रको सुदृढीकरण गरिनेछ।

११.४.३ स्थानीयस्तरमा उपलब्ध कच्चापदार्थको पार्श्वचित्र ( प्रोफाइल ) तयार गरिनेछ।

११.४.४ स्वदेशी कच्चा पदार्थमा आधारित वातावरणमैत्री उद्योगहरू स्थापनामा जोड दिइनेछ।

११.४.५ लघु, घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्दा सम्वन्धित स्थानीय तहसँग समन्वय गरिनेछ।

११.४.६ लघु, घरेलु तथा साना उद्योगको प्रभावकारिता अभिवृद्धिका लागि सरोकारवालाको सहभागिता, पृष्ठपोषण, सरकारी संयन्त्रबिच समन्वय, उपयुक्त प्रविधिको उपयोगसमेतका उपायहरू अपनाइनेछ।

११.४.७ लघु, घरेलु तथा साना उद्योगको समुचित विकासका लागि उद्योगसम्बन्धी सरोकारवाला संस्थामार्फत फर्म, कम्पनी तथा उद्योगहरूको दर्ता, नवीकरण र अध्यावधिक गर्न पुरा गर्नुपर्ने सर्त र जिम्मेवारीको विषयमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ।

११.४.८ सबै प्रदेशमा उद्यम संवर्धन केन्द्र (विजनेश इन्क्युवेशन सेन्टर) सञ्चालन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११.४.९ लघु, घरेलु तथा साना उद्योगमा आवश्यक हुने पुँजी निर्माण तथा परिचालनका लागि पुँजी बजार संयन्त्रको प्रयोग गर्ने व्यवस्था गरिनेछ।

**११.५ लघु, घरेलु तथा साना उद्योगमा महिला, दलित, अल्पसङ्ख्यक तथा लोपोन्मुख, विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच तथा स्वामित्व विस्तार गरिनेछ।**

११.५.१ लघु, घरेलु तथा साना उद्योगमा महिला, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय, दलित तथा विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र स्वामित्वको अवस्था पहिचान गरिनेछ।

११.५.२ लघु, घरेलु तथा साना उद्योगको प्रवर्धन, विकास र विस्तारको कार्यक्रम सामाजिक परिचालनसमेतका माध्यमवाट गर्ने गरी प्राथमिकताका आधारमा स्थान र लक्षित समूहको पहिचान गरिनेछ।

११.५.३ महिला, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय, दलित तथा विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरू सञ्चालक रहेको लघु, घरेलु तथा साना उद्योग दर्ता गर्दा लाग्ने शुल्क मिनाहा गर्ने र स्थानीय तहबाट लगाइने कर वा शुल्कमा छुट दिने व्यवस्थाका लागि आवश्यक सहजीकरण गरिनेछ।

११.५.४ महिला, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय, दलित तथा विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरू सञ्चालक रहेको लघु, घरेलु तथा साना उद्योगलाई सहज र सुलभ कर्जाको व्यवस्था गरिनेछ। यस्तो समूहमा बैंक, लघुवित्त तथा सहकारी संस्थाबाट समेत निश्चित प्रतिशत लगानी गर्नुपर्ने कानूनी व्यवस्था गरिनेछ।

११.५.५ लघु, घरेलु तथा साना उद्योगहरूमा संलग्न महिला, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय, दलित तथा विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरिनेछ।

११.५.६ व्यावसायिक सङ्घ संगठनको नेतृत्वमा महिला, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय, दलित तथा विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

११.५.७ जीविकोपार्जन तथा गरिबी न्यूनीकरण जस्ता कार्यक्रमहरूमा उद्यमशीलता प्रवर्धन हुने गरी महिला, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय, दलित तथा विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

**११.६ लघु, घरेलु तथा साना उद्योगको विकास तथा उद्यमशीलता प्रवर्धनका लागि आवश्यक जनशक्ति उत्पादन गरिनेछ।**

११.६.१ उद्यमशील संस्कृति विकासका लागि माध्यमिक तथा उच्च शिक्षा तहको पाठ्यक्रममा उद्यमशीलता विषय समावेश गरिनेछ।

११.६.२ व्यावसायिक तथा प्राविधिक शिक्षा र उद्यमशीलता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने शैक्षिक तथा तालिम प्रदायक संस्थाहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

११.६.३ उद्यमशीलता विकास गर्न माध्यमिक तथा उच्च शिक्षा तहमा "पढ्दै कमाउँदै" अवधारणा लागु गरिनेछ।

११.६.४ विद्यालय तथा विश्वविद्यालयसँगको साझेदारीमा उद्यमशीलता विकाससम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ।

११.६.५ बजारको माग र आवश्यकताबमोजिम जनशक्तिको विकास गर्न अल्पकालीन तथा दीर्घकालीन तालिम तथा प्रशिक्षणसम्बन्धी पाठ्यक्रमको विकास गरी कार्यान्वयन गरिनेछ।

**११.७ लघु, घरेलु तथा साना उद्योगको विकासका लागि व्यावसायिक तथा प्राविधिक तालिम प्रदायक संस्थाको सुदृढीकरण गरिनेछ।**

११.७.१ सरकारी तथा निजी क्षेत्रका व्यावसायिक तथा प्राविधिक तालिम प्रदायक संस्थासँग सहकार्य तथा समन्वय गरिनेछ।

११.७.२ कार्यस्थलमा आधारित रोजगारी तथा सिप विकास कार्यक्रम सञ्चालन गर्न संस्थागत सुदृढीकरण गरिनेछ।

११.७.३. लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रलाई पुनर्संरचना गरी लघु, घरेलु तथा साना उद्योग प्रवर्धनसम्बन्धी केन्द्रीय निकायको रूपमा विकास गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

११.७.४ लघु, घरेलु तथा साना उद्योगसम्बन्धी कार्य गर्ने कार्यालयहरूको क्षमता वृद्धि गरी सिप तथा उद्यमशीलतासम्बन्धी सक्षम संस्थाको रूपमा विकास गरिनेछ।

११.७.५ प्रशिक्षण दिने संस्था, दक्ष कालीगढ, श्रमिक तथा उद्योगी व्यवसायीहरू बिच समन्वय तथा सहजीकरण गरी दक्ष श्रम शक्तिको आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ।

११.७.६ उद्यम संवर्धन केन्द्रमार्फत लघु, घरेलु तथा साना उद्योगहरूमा प्रतिभाशाली एवं सिर्जनशील उद्यमीलाई आकर्षित गरिनेछ।

११.७.७ निजी तथा सहकारी क्षेत्रको सहकार्यमा तालिम प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**११.८ युवा जनशक्ति तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यम गर्न र स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ।**

११.८.१ विदेशमा आर्जन गरेको व्यावसायिक सिप, प्रविधि तथा स्रोतको उपयोग गरी स्वदेशमा रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ। यसका लागि रोजगारी सिर्जना गर्ने सम्बन्धित निकायहरूसँग समन्वय एवं सहकार्य गरिनेछ।

११.८.२ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई उद्यमीको रूपमा विकास गर्न सिप विकास तालिम र व्यावसायिक परामर्श सेवा उपलब्ध गराइनेछ।

११.८.३ युवाहरूलाई उद्यमका लागि प्रोत्साहित गर्न आवश्यक ज्ञान, सिप, पुँजी र प्रविधिको विकास र हस्तान्तरण गरिनेछ।

**११.९ लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु खपतको लागि सम्भावित बजारको पहिचान गरिनेछ।**

११.९.१ समुदाय तथा सहकारीमा आधारित लघु, घरेलु तथा साना उद्योगबाट उत्पादन हुने वस्तुहरूको पहिचानका लागि सामुहिक चिन्ह दर्ता गराउन कानूनी व्यवस्था गरी बजार प्रवर्धन गर्न सहजीकरण गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११.९.२ भौगोलिक पहिचानसहितको औद्योगिक उत्पादन कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाइनेछ।

११.९.३ लघु, घरेलु तथा साना उद्योगमा आवश्यक पर्ने प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११.९.४ विश्वविद्यालय, प्राज्ञिक संस्था, अनुसन्धान संस्था र निजी क्षेत्रसँगको सहकार्यमा औद्योगिक उत्पादन, उत्पादकत्व वृद्धि सम्बन्धी खोज, अनुसन्धान र बजार अन्वेषणको कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

११.९.५ अन्तर्राष्ट्रिय बजारमा समेत मान्य हुने गरी उत्पादित वस्तुको गुणस्तर र उत्पत्ति प्रमाणीकरण गर्न प्रत्यायान सेवा उपलब्ध गराइनेछ।

**११.१० लघु, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी आयात व्यवस्थापन गर्दै निर्यात बढाइनेछ।**

११.१०.१ लघु, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुको निर्यात प्रवर्धन गर्न विद्यमान नीति तथा कानूनमा सुधार गरी निर्यात प्रवर्धन कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

११.१०.२ तयारी वस्तु आयातमा लाग्ने भन्सार दरबन्दी र सोही प्रकृतिको वस्तु उत्पादन गर्न प्रयोग हुने कच्चा पदार्थको आयातमा लाग्ने भन्सार दरबन्दीको पुनरावलोकन गरिनेछ।

११.१०.३ उच्च मूल्य तथा कम आयतन भएका वस्तुको उत्पादन वृद्धि गरी निर्यातमा जोड दिइनेछ।

११.१०.४ तीस प्रतिशत भन्दा बढी मूल्य अभिवृद्धि गर्ने उद्योगलाई प्रोत्साहन गरिनेछ।

**११.११ हस्तकला उद्योगहरूबाट उत्पादित वस्तुहरूलाई विश्व बजारमा मूल्य तथा गुणस्तरको दृष्टिकोणबाट प्रतिस्पर्धात्मक बनाइ निर्यात प्रवर्धन गरिनेछ।**

११.११.१ हस्तकला उद्योगबाट उत्पादित वस्तुको निर्यात प्रवर्धनका लागि विदेशस्थित नेपाली कुटनीतिक नियोगहरूको परिचालन गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११.११.२ हस्तकला उद्योगको विकास तथा बजार विस्तारको लागि क्लष्टरिङ तथा नेटवर्किङ्ग विधि अपनाइ आवश्यकता र सम्भाव्यताका आधारमा सार्वजनिक निजी साझेदारीमा हस्तकला ग्रामको स्थापना र सञ्चालन गरिनेछ।

११.११.३ हस्तकला उद्योगको दिगो विकासको लागि तालिम तथा प्रशिक्षणद्वारा दक्ष जनशक्ति उत्पादन गरिनेछ। साथै, दक्ष कालिगढ र कामदारहरूलाई सम्मान प्रदान गरिनेछ।

११.११.४ हस्तकला उद्योग व्यवसाय क्षेत्रको विकास तथा प्रवर्धनसँग सम्बन्धित विषयहरूमा आवश्यक अध्ययन, अवलोकन तथा अन्वेषणको कार्य गरिनेछ।

११.११.५ हस्तकला उद्योगको विकास तथा प्रवर्धनको निमित्त छुट, सहुलियत तथा सुविधा उपलब्ध गराइनेछ।

११.११.६ हस्तकला उद्योगका क्षेत्रमा गरिने अध्ययन अन्वेषणको कार्यमा सहयोग पुर्याउने उद्योग व्यवसायलाई सम्मान गरिनेछ।

११.११.७ तुलनात्मक रूपमा लाभदायक हस्तकलाका वस्तुहरू उत्पादन गर्ने उद्योगी व्यवसायीहरूलाई औद्योगिक ग्राममा उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

११.११.८ परम्परागत ज्ञान, सिप र अनुभवको हस्तान्तरण तथा पुस्तान्तरणलाई प्रोत्साहित गर्न तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

११.११.९ हस्तकला उद्योगका वस्तुहरूको अन्तर्राष्ट्रिय बजारमा समेत मान्य हुने गरी गुणस्तर प्रमाणीकरण गर्ने प्रत्यायन सेवा उपलब्ध गराइनेछ।

**११.१२ उत्पादन तथा निर्यातसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, अभिलेखीकरण र विश्लेषण गरिनेछ।**

११.१२.१ प्रदेश र स्थानीय तहका लघु, घरेलु तथा साना उद्योग दर्ता गर्ने निकाय र उद्योग विभागबिच सञ्जालीकरण गरी तथ्याङ्क प्रणाली तयार गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११.१२.२ लघु, घरेलु तथा साना उद्योगको वर्गीकृत तथ्याङ्कको सङ्कलन, प्रशोधन र विश्लेषणमार्फत उद्योगको यथार्थ स्थिति यकिन हुने प्रणालीको विकास गरिनेछ।

११.१२.३ लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुको प्रकार र परिमाणसम्बन्धी तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिनेछ।

११.१२.४ लघु, घरेलु तथा साना उद्योगबाट उत्पादन भई निर्यात हुने वस्तुको वस्तुगत तथा देशगत तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी व्यापार विविधीकरणमा जोड दिइनेछ।

## १२. नीति कार्यान्वयन

यस नीतिको नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ। लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र नीति कार्यान्वयनका लागि मूलरूपमा जिम्मेवार निकायको रूपमा रहनेछ। उक्त केन्द्रलाई नीति कार्यान्वयनमा सहयोग एवं सहजीकरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ। प्रदेश सरकार तथा स्थानीय तहले थप रणनीति तथा कार्यनीति तर्जुमा गरी यस नीतिको कार्यान्वयन गर्न सक्नेछन्। साथै, जिम्मेवार र सहयोगी निकाय यकिन गरी क्रियाकलापसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

## १३. संस्थागत व्यवस्था

### १३.१ लघु, घरेलु तथा साना उद्योग प्रवर्धन समन्वय समिति

यस नीति र अन्य क्षेत्रगत नीतिहरूको बिचमा सामञ्जस्यताका लागि नेपाल सरकारलाई सिफारिस गर्न, नीतिको कार्यान्वयनमा मार्गनिर्देशन, समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनमा सरकारी तथा निजी क्षेत्रसँग समन्वय गर्न, कार्यान्वयनको क्रममा आउने बाधा व्यवधान हटाउन र सरकारलाई आवश्यक सुझाव प्रदान गर्न देहायबमोजिमको लघु, घरेलु तथा साना उद्योग प्रवर्धन समन्वय समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव (उद्योग क्षेत्र हेर्ने) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -अध्यक्ष |
| (ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ङ) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(छ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ज) सहसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(झ) महानिर्देशक, उद्योग विभाग -सदस्य

(ञ) प्रदेशका उद्योग क्षेत्र हेर्ने मन्त्रालयका सचिव -सदस्य

(ट) अध्यक्ष, नेपाल नगरपालिका सङ्घ -सदस्य

(ठ) अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासङ्घ नेपाल -सदस्य

(ड) अध्यक्ष, लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र -सदस्य

(ढ) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ -सदस्य

(ण) अध्यक्ष, लघु उद्यमी महासङ्घ, नेपाल -सदस्य

(त) अध्यक्ष, नेपाल हस्तकला महासङ्घ -सदस्य

(थ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (औद्योगिक तथा लगानी प्रवर्धन महाशाखा) -सदस्य सचिव

१३.२ समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ। समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेबमोजिम बस्नेछ। समितिले आवश्यकतानुसार अन्य सम्बन्धित पदाधिकारी र विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## १४. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरी लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रबाट सञ्चालित कार्यक्रमसँग तादात्म्यता कायम गरिनेछ। नीतिको कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिनेछ। नीतिमा उल्लिखित कार्यनीतिहरूको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह, निजी क्षेत्र, साझेदार संस्था, दातृ निकाय तथा अन्य निकायको सहयोग परिचालन गरिनेछ।

## १५. कानूनी व्यवस्था

यस नीतिको कार्यान्वयनको लागि आवश्यकतानुसार प्रचलित कानूनको संशोधन, नयाँ कानूनको तर्जुमा गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## १६. अनुगमन तथा मूल्याङ्कन

यस नीतिसँग सम्बद्ध मन्त्रालय, विभाग तथा केन्द्रीय निकायले आआफ्नो क्षेत्राधिकार अन्तर्गत रही नीति कार्यान्वयनको नियमित अनुगमन गर्नेछन्। नीति कार्यान्वयनको समग्र अनुगमन तथा मूल्याङ्कन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवधिक तथा वार्षिक रूपमा गर्नेछ। साथै, अनुगमन तथा मूल्याङ्कन कार्यमा आवश्यकतानुसार निजी क्षेत्र तथा अन्य सम्बद्ध पक्षको सहयोग लिन सक्नेछ। यस नीतिको मूल्याङ्कनका आधारमा आवश्यकतानुसार समायोजन एवं परिमार्जन गरिनेछ।

## १७. जोखिम

मुलुकको आर्थिक विकासमा लघु, घरेलु तथा साना उद्योगको योगदान महत्त्वपूर्ण भए तापनि कानून तर्जुमा. संशोधन र परिमार्जन, औद्योगिक पूर्वाधारको उपलब्धता, लघु, घरेलु तथा साना उद्योगमा सरकारको प्राथमिकता, सहुलियतपूर्ण औद्योगिक कर्जाको उपलब्धता, नीति कार्यान्वयनमा अपनत्वको अवस्थाले नीति कार्यान्वयनमा जोखिम सिर्जना हुन सक्दछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं